प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

# कृषि ईन्टर्न परिचालन कार्यक्रम कार्यान्वयन प्रकृया, २०८२

## खण्ड १. पृष्ठभूमि

कृषि, भेटेरिनरी/पशु विज्ञान तथा मत्स्य विषयमा अध्ययनरत स्नातक तहको उत्तरार्धमा रहेका विद्यार्थीहरूको व्यवहारिक ज्ञान, सीप तथा अनुसन्धान क्षमता अभिवृद्धि गर्दै मन्त्रालय र मातहतका निकायको कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने र फिल्डस्तरमा कृषकका समस्याहरुको पहिचान गरी कार्यमुलक अनुसन्धान मार्फत उपयुक्त समाधानका विकल्प तथा सुझाव प्रदान गर्ने उद्देश्यले कृषि ईन्टर्न परिचालन कार्यक्रम कार्यान्वयन प्रकृया, २०८२ लागू गरिएको हो।

## खण्ड २. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

२.१ यस कार्यान्वयन प्रकृयाको नाम "कृषि इन्टर्न परिचालन कार्यक्रम कार्यान्वयन प्रकृया-२०८२" रहेको छ ।

२.२ यो कार्यान्वयन प्रकृया स्वीकृत भएको मितिवाट लागू हुनेछ।

२.३ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यान्वयन प्रकृयामा,

क. **"मन्त्रालय"** भन्नाले उद्योग, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ।

ख. **"कृषि इन्टर्न"** भन्नाले कृषि, भेटेरिनरी/पशु विज्ञान तथा मत्स्य विषयमा स्नातक तह अध्यापन गराउने नेपाल सरकारबाट मान्यता प्राप्त अध्ययन संस्थानका क्याम्पस तथा आंगिक क्याम्पसमा स्नातक तहको उत्तरार्धमा अध्ययनरत रही विश्वविद्यालयको पाठ्यक्रम अनुसार इन्टर्नशिप वा अनुसन्धानमा आधारित कोर्षमा सहभागी हुने वा भएको विद्यार्थीलाई सम्झनु पर्दछ।

ग. **"शैक्षिक संस्थान"** भन्नाले कृषि, भेटेरिनरी/पशु विज्ञान तथा मत्स्य विषयमा स्नातक तह अध्यापन गराउने नेपाल सरकारबाट मान्यता प्राप्त अध्ययन संस्थानका क्याम्पस तथा आंगिक क्याम्पस सम्झनु पर्दछ।

प्रदेश सचिव

मन्त्री



Scanned with CamScanner

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

**खण्ड ३. उद्देश्य**

३.१ मन्त्रालय र मातहतका निकायमा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नु।

३.२ कृषि ईन्टर्नहरूको व्यवहारिक ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्नु।

३.३ कृषकका समस्यामा आधारित कार्यमुलक अनुसन्धान मार्फत उपयुक्त समाधानका विकल्प तथा सुझाव प्रदान गर्नु।

३.४ कृषि स्नातक तहका विद्यार्थीहरूलाई अनुसन्धान कार्यमा सहयोग प्रदान गर्नु।

**खण्ड ४. कृषि ईन्टर्न छनौट विधि**

४.१ मन्त्रालयले कृषि, पशुपन्छी तथा मत्स्य विषयको स्नातक तह सञ्चालन गरिरहेका इच्छुक शैक्षिक संस्थान बाट ईन्टर्नमा सहभागिताका लागि अनुसूची-१ बमोजिम निवेदन आह्वान गर्नेछ।

४.२ प्राप्त निवेदनका आधारमा मन्त्रालयले शैक्षिक संस्थानहरूको सूची तयार गर्नेछ।

४.३ स्वीकृत बजेटको सीमाभित्र रही अनुसूची-२ बमोजिमको मापदण्डका आधारमा शैक्षिक संस्थान छनौट गरी ईन्टर्नशिप वा अनुसन्धानमा सहयोगका लागि विद्यार्थीको कोटा निर्धारण गरिनेछ।

४.४ छनौट भएका शैक्षिक संस्थान सँग मन्त्रालयले सम्झौता गर्नेछ र शैक्षिक संस्थानले तोकिएको कोटा अनुसार विद्यार्थी छनौट गरी मन्त्रालयमा सिफारिस गर्नेछन्। मन्त्रालयले ती विद्यार्थीहरूसँग करार सम्झौता गरी आवश्यकता अनुसार प्रविधि प्रसार तथा अनुसन्धान कार्यमा परिचालन गर्नेछ।

**खण्ड ५. कृषि ईन्टर्नको कार्यविवरण**

५.१ मन्त्रालय/मातहतका निकायहरुको कार्यक्षेत्रमा रही तोकिएको अवधिसम्म कामकाज गर्नुपर्ने।

५.२ खटाइएको निकायका कार्यक्रम कार्यान्वयनमा आवश्यक सहजीकरण गर्ने।

५.३ स्थानीय समस्या समाधानका लागि कार्यमुलक अनुसन्धान गर्ने।

५.४ ईन्टर्नशिप र अनुसन्धानबाट प्राप्त खोज र ज्ञान कृषकहरु माझ प्रसार गर्ने।

५.५ विश्वविद्यालयको पाठ्यक्रमअनुसार ईन्टर्नशिप साईटमा नखटाईने तर अनुसन्धानमुलक कोर्षमा मात्र सहभागी हुने विद्यार्थीहरुका लागि मन्त्रालय मातहतका निकायमा हाजिर भई कामकाज गर्न अनिवार्य हुनेछैन। विद्यार्थीहरुले अध्ययन संस्थानका क्याम्पस तथा आंगिक क्याम्पसले अनुमति दिएको स्थानमा अनुसन्धान गर्नुपर्नेछ।

प्रदेश सचिव

मन्त्री

Scanned with CamScanner

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

## खण्ड ६. भुक्तानीको प्रकृया

६.१ मन्त्रालयले शैक्षिक संस्थानहरु मार्फत इन्टर्न परिचालन गराए वापत वार्षिक स्वीकृत कार्यक्रमको परिधिभित्र रही विद्यार्थीहरुलाई निर्वाह भत्ता स्वरुप मासिक दश हजार रुपैया मात्र प्रति विद्यार्थीका दरले अधिकतम छ महिनाको लागि पारिश्रमिक उपलब्ध गराउनेछ। विद्यार्थीहरुले खटिईएको निकायबाट प्रमाणित भएको हाजिरी, तोकिएको कार्यविवरण अनुसारको प्रगति र कार्यमुलक अनुसन्धानको प्रतिवेदन पेश गरेपछि मात्र पारिश्रमिक बराबरको रकम एकमुष्ठ विद्यार्थीको बैंक खातामा जम्मा हुनेछ।

६.२ अनुसन्धानमुलक कोर्षमा मात्र सहभागी हुने विद्यार्थीहरुका लागि अनुसन्धान कार्यको बास्तविक खर्चको आधारमा अधिकतम साठी हजार रुपैया सम्म उपलब्ध गराउन सकिनेछ।यो रकम अनुसन्धानको प्रतिवेदन र खर्चको विल भरपाई पेश गरेपश्चात मात्र विद्यार्थीको बैंक खातामा जम्मा हुनेछ।

## खण्ड ७. अनुगमन र मुल्याङ्कन

७.१ शैक्षिक संस्थानहरुको शैक्षिक प्रयोजन तथा मन्त्रालय र मातहतका निकायको कार्यक्रम कार्यन्वयनमा सहजिकरणका लागि खटिएका कृषि इन्टर्नको कार्य प्रगतिको अनुगमन तथा मूल्यांकन सम्वन्धित शैक्षिक संस्थानका सम्बन्धित इन्टर्नका मुख्य सल्लाहकार मार्फत हुनेछ। यसका साथै कार्यक्रममा खटाईएका कृषि ईन्टर्नका निकाय प्रमुख सहायक सल्लाहकारका रुपमा रहनेछन्।

७.२ शैक्षिक संस्थानको इन्टर्न परिचालनको अनुगमन आवश्यकता अनुसार मन्त्रालय र निर्देशनालयहरुले गर्नेछन्।

## खण्ड ८. विविध

८.१ यस कार्य प्रक्रियामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित नियम कानून बमोजिम हुनेछ ।

८.२ मन्त्रालयले आवश्यकता अनुसार यस कार्य प्रक्रियामा परिमार्जन गर्न सक्नेछ ।

प्रदेश सचिव

मन्त्री



Scanned with CamScanner

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## अनुसूचि-१

### शैक्षिक संस्थानहरुले सूचिकृतका लागि मन्त्रालयमा पेश गर्ने निवेदनको ढाँचा

श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय,
कोशी प्रदेश ।

विषयः सूचिकृत गरिदिने बारे ।

उपरोक्त सम्बन्धमा तहाँ मन्त्रालयबाट मिति ............... मा प्रकाशित सूचना बमोजिम आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम "कृषि ईन्टर्न परिचालन कार्यक्रम" का लागि यस शैक्षिक संस्थानलाई सूचिकृत गरिदिनुहुन निम्न विवरण सहित निवेदन पेश गरेको छु/छौं।

१. शैक्षिक संस्थानको नामः

२. ठेगानाः स्थापना/संचालन मितिः

३. मान्यताप्राप्त विश्वविद्यालयः

४. अध्यापन हुने विषयः

५. प्रति ब्याच विद्यार्थी संख्याः

६. कृषि ईन्टर्न परिचालनका लागि उपलब्ध हुने विद्यार्थीको संख्या र विषय र स्थानः

| क्र.सं. | विद्यार्थी अध्ययनरत रहेको विषय | इन्टर्नशिप वा अनुसन्धानमा खटाईने स्थान/ जिल्ला | खटाईने विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

७. ईन्टर्नमा खटाईने वा अनुसन्धान कार्यको अवधिः

८. कार्यमूलक अनुसन्धानको विषय र संक्षिप्त अवधारणा पत्रः

मन्त्री

प्रदेश सचिव



Scanned with CamScanner

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कोशी प्रदेश, नेपाल

अनुसूचि-२

**शैक्षिक संस्थानको छनौट तथा कृषि ईन्टर्नको कोटा निर्धारणको लागि मापदण्ड**

१. शैक्षिक संस्थान संचालन भएको कम्तीमा ३ वर्ष अवधि पुरा भएको।

२. मन्त्रालयको कार्यक्षेत्र सम्बद्ध विषय (कृषि, भेटेरिनरी/पशु विज्ञान र मत्स्य) मा स्नातक तह अध्यापन हुने गरेको।

३. मन्त्रालयको आवश्यकता अनुसारका जिल्ला/स्थानहरुमा ईन्टर्न उपलब्ध गराउन सक्ने।

४. मन्त्रालयको कार्यक्षेत्र, आवश्यकता र उपयुक्तता अनुसारको विषयमा कार्यमुलक अनुसन्धान गर्ने।

५. प्रदेश भित्र रहेका अध्ययन संस्थानलाई कृषि ईन्टर्न तथा अनुसन्धान लक्षित विद्यार्थीहरुको छनोटका लागि प्राथमिकता दिईनेछ। तर बजेटको उपलब्धता भएमा प्रदेश बाहिर रहेका शैक्षिक संस्थानबाट यस प्रदेश भित्रका जिल्लाहरुमा आई कृषि ईन्टर्न गर्न तयार भएमा छनौट गर्न सकिनेछ।

मन्त्री

प्रदेश सचिव



Scanned with CamScanner